अजिरकोट गाउँपालिका
गाउँ कार्यपालिका
गोरखा

बैठक नं. १३८

मितिः २०८२।०६।२८ गते मंगलवार

आज मिति २०८२ साल असोज २८ गते मंगलवारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १३८ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा
२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल
३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ
४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ
५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी
६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ
७. ५ नं. वडा अध्यक्ष श्री बिर्ख ध्वज गुरुङ्ग
८. कार्यपालिका सदस्य सदिक्षा गुरुङ
९. कार्यपालिका सदस्य विन्दा तामाङ
१०. कार्यपालिका सदस्य उमा गुरुङ
११. कार्यपालिका सदस्य कमला सुनार
१२. कार्यपालिका सदस्य सनिल परियार
१३. कार्यपालिका सदस्य धनराज घले
१४. प्रमुख प्रशासकीय अधिकृत श्री रचना बुढाथोकी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)
श्री प्रनभ गोपाली (सूचना प्रविधि अधिकृत)
श्री ईश्वर बागले (वरिष्ट लेखा सहायक)

अजिरकोट गाउँपालिका

मिति २०८२।०६।२८ गते मंगलवार

## गाउँ कार्यपालिकाको १३८ औं बैठकका प्रस्तावहरु

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ भाद्र २९ गते १३७ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १३७ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क्र.म | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | स्वीकृत दरवन्दी अन्तर्गत अ.हे.व पदमा सेवा करारमा कर्मचारी भर्ना गर्ने । | गरिएको । | |

**प्रस्ताव नं. २ – कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

**१. पृष्ठभूमी**

यस गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशुपालन व्यवसाय लाई व्यवस्थित बनाई जनतालाई कृषि मा आत्म निर्भर बनाउनु पर्ने भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहले निर्माण गर्ने कुनै पनि नियमावली, कार्यविधि तथा निर्देशिका लाई स्वीकृतीको लागि गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने प्रावधान रहेको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानून आफै निर्माण गर्न सक्ने प्रावधान भएको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

यस अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक द्वारा तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने ।

क) उच्च प्रविधि युक्त (HI-Tech) फलफुल नर्सरी स्थापना र सञ्चालन कार्यविधि - २०८२
ख) गह्रा सुधार कर्यक्रम कार्यविधि - २०८२
ग) कृषि तथा पशु उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि - २०८२
घ) कृषि औजार/यन्त्र मर्मत अनुदान कार्यविधि - २०८२
ङ) कृषि तथा पशुपंछी अन्तर्गत कृषि सामग्रीमा अनुदान कार्यक्रम संचालन कार्यविधि - २०८२
च) घुम्ती गोठ तथा खर्च व्यवस्थापन कार्यक्रम कार्यविधि - २०८२
छ) गाई/भैसीलाई सुत्केरी पशु आहार प्रोत्साहन भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि - २०८२

**प्रस्ताव नं. ३ – सडक निर्माण आयोजनाको लागि अस्थायी क्रसर संचालन अनुमति प्रदान गर्ने ।**

१. पृष्ठभूमी

यस अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तरगत चनौटे डिस्का भच्चेक सडक निर्माणको लागि पुर्वाधार विकास कार्यालय गोरखाको टेक्का नं IDO/GORKHA/NCB/W/R/६९/०८१/०८२ Upgrading of Chanaute Dhiska Bhachchek Road, Gorkha बमोजिम निर्माण कार्य भई रहेको अवस्था रहेको । सम्बन्धित व्यवसायी KHADKA KRISHNA-NAWA KANTIPUR JOINT VENTURE द्वारा मिति २०८२।०६।२७ गते क्रसर संचालनको अनुमती प्रसीका लागि अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेको ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

चनौटे डिस्का भच्चेक सडक निर्माणको लागि निर्माण स्थलमा अस्थायी क्रसर संचालनको अनुमति प्रदान गर्नु पर्ने भएको ।

३. निणर्यका आधार र कानूनी व्यवस्था

ढुंगा गिटी बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम स्थानिय तहले प्रचलित नियम कानुन अनुरुप अनुमति प्रदान गर्न सक्ने प्रावधान रहेको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

ढुंगा गिटी बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ एवं प्रचलित कानुनको अनुकुल हुने गरी चनौटे डिस्का भच्चेक सडक निर्माण कार्य (आयोजना) को लागि गण्डकी प्रदेश सरकार, पुर्वाधार विकास कार्यालय, गोरखा र सम्बन्धीत निर्माण व्यवसायी बिच भएको सम्झौतामा उल्लेखित अवधि सम्मको लागि KHADKA KRISHNA-NAWA KANTIPUR JOINT VENTURE निर्माण कमपनीलाई अस्थायी क्रसर संचालनको अनुमती प्रदान गर्ने ।

**प्रस्ताव नं. ४ – अ.न.मी पवित्रा जिरेल (चौंथो तह) को अध्ययन बिदा स्वीकृत गर्ने ।**

१ पृष्टभूमिः

भच्चेक आधारभूत अस्पतालमा कार्यरत अ।न।मी चौथो तह पवित्रा जिरेलबाट स्टार्फनर्स कोर्ष अध्ययन गर्नको लागि विदा स्वीकृत गरि पाउँ भनी यस कार्यालयमा निवेदन प्राप्त भएको ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

अजिरकोट गाउँपालिकामा कार्यरत अ।न।मी ९चौथो तह० पवित्रा जिरेलको अध्ययन बिदा स्वीकृत गर्नुपर्ने भएको ।

३. निणर्यका आधार र कानूनी व्यवस्था

स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० बमोजिम अध्ययन बिदा समबन्धित कार्यपालिकाले स्वीकृत गर्न सक्ने ।

४. निर्णय हुनुपर्ने व्यहोरा

भच्चेक आधारभूत अस्पतालमा कार्यरत अ।न।मी चौथो तह पवित्रा जिरेललाई स्टाफनर्स कोर्ष अध्ययनको लागि ३ वर्ष तलबी अध्ययन विदा स्वीकृत गर्ने।

**प्रस्ताव नं. ५ - अजिरकोट गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत Staff Nurse सरस्वती बोहोरा (पाचौं तह) लाई अध्ययन प्रयोजनको लागि पूर्व स्वीकृत दिने।**

१ पृष्टभूमिः

अजिरकोट गाउँपालिकाको स्वास्थ्य शाखामा मिति २०७९|०३|२७ देखि स्टाफ नर्स पदमा नियुक्ति भई कार्यरत स्टाफ नर्स पाचौं तह सरस्वती बोहराबाट Bachelor in Nursing अध्ययन गर्नको लागि यस गाउँपालिकाको पूर्व सहमति मागको लागि निवेदन प्राप्त भएको हुन्दा निजको सेवा समुहलाई उपयुक्त हुने विषयमा अध्ययन गर्नको लागि।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

स्थानिय तह अनतर्गत स्थायी कर्मचारीहरु सेवा अवदिमा बिभिन्न किसिमका बिदाहरु लिएर आफ्नो सम्वन्धीत सेवा समुहको लागि आवश्यक विषयमा उच्च शिक्षा हासिल गर्ने व्यवस्था भए वमोजिम कर्मचारीको मनोबल उच्च राखी सेवामा थप प्रोतसाहित गर्ने ।

३. निणर्यका आधार र कानूनी व्यवस्था

स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८०|४|२५ मा भए बमोजिम १११ को खन्ड आठमा सम्बन्धीत सेवा समुह वा उपसमुहलाई उपयोगी र आवश्यक पर्ने विषयमा अख्तियार वालाको पूर्व स्वीकृती लिइ निजि प्रयासमा सोदेश वा विदेशमा अध्ययन गर्न जाने कर्मचारीलाई उपनियम ४ बमोजिम अध्ययन बिदा दिन सकिनेछ । उपनियम ७ मा जुन्सुकै कुरा लेखियको भएतापनी यस्तो अध्ययन बिदामा बस्ने कर्मचारीले तलब पाउने व्यवस्ता नभएको बमोजिम अध्ययन पूर्व स्वीकृती लिने व्यवस्ता अनुसार ईन्ट्रास पूर्व अध्ययन स्वीकृती दिने ।

४. निर्णय हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स पाचौं तह सरस्वती बोहराबाट Bachelor in Nursing अध्ययन गर्नको लागि पूर्व प्रवेश परिक्षामा सामेल हुन र प्रवेश परिक्षामा सफल भए पश्चात अध्ययन गर्न वेतलबि अध्ययन बिदा दिनेस निर्णय गरियो ।

**प्रस्ताव नं ६ – विविध**

१) अजिरकोट गाउँपालिका अन्तर्गत सञ्चालित ५ वेडको भच्चेक आधारभूत अस्पतालमा शल्य चिकित्साकक्ष सञ्चालन गर्नको लागि आवश्यक सर्जिकल सामानहरुको व्यवस्थापन भइसकेको हुँदा तत्काल ओ.टी.कक्ष सञ्चालन गर्नुपर्ने अवस्थालाई केन्द्रविन्दुमा राखेर मिति २०८२।०५।०३ को विज्ञापन गरीएको २ पद संख्यालाई मिति २०८२।०६।०७ को अनुत्पादक खर्च कटौटी र मितव्ययीता कायम गर्ने सम्बन्धमा भएको प्रेस विज्ञासीको बुदाँ नं. (५) को संगठन सुधार अन्तर्गतको बुदाँ (ज) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थनीय तहमा स्विकृत दरवन्दी बाहेकमा अस्थायी तथा सेवा करारमा कर्मचारी राख्न नपाउने भन्ने उल्लेख भएको अवस्थामा २ जना मध्य १ जना नराखेमा ओ.टी. सञ्चालन हुन नसक्ने हुदाँ हाललाई १ जना मात्र राखी बाँकी मौजुदा कर्मचारीबाट काम लगाउने गरी हाललाई १ जना मात्र स्टार्फ नर्सको पदपुर्ति गर्ने निर्णय गरियो ।

२) अजिरकोट गाउँपालिकाको आ.व २०८२।०८३ को निति तथा स्वीकृत वार्षिक बजेट कार्यक्रम बमोजिम अजिरकोट गाउँपालिका स्तरीय पाचौं **"राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता"** मिति २०८२।०६।२९ देखि २०८२।०६।३१ गते सम्म संचालन हुने भएकोले उक्त कार्यक्रम लाई सफलता पुर्वक सम्पन्न गर्नका लागि छलफल गर्ने ।

३) तपसिल बमोजिमको योजना / कार्यक्रहरुमा निम्न अनुसारको बजेट विनियोजन गर्ने ।

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट (रु) | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | दृष्टिविहिन सेवा नेपाललाई सँगितिक कार्यक्रमको लागि आर्थिक सहयोग | काठमाडौं | २५,०००।- | आर्थिक सहायता | |
| २ | चन्द्रकला आधारभुत विद्यालय | वडा नं. ४ | १,५०,०००।- | सार्वजनिक निर्माण | |
| ३ | मालिका मन्दिर विश्राम स्थल | वडा नं. ४ | १,५०,०००।- | सार्वजनिक निर्माण | |
| ४ | गीता नेपाल उपचार खर्च | वडा नं. ३ | ७५,०००।- | आर्थिक सहायत | |